बैठक नं.४६

मिति:२०८३/०१/१५

आज मिति २०८३/०१/१५ गते ओमसतिया गाउँपालिकाका अध्यक्ष श्री मन्जित कुमार यादव (सोनु) ज्यूको अध्यक्षतामा तपशिल बमोजिमका कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरियो ।

तपशिल:

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री मन्जित कुमार यादव (सोनु) | गाउँपालिका अध्क्षय | |
| २. | श्री सुनिता चौधरी | गाउँपालिका उपाध्यक्ष | |
| ३. | श्री बेल बहादुर बराल मगर | १.नं.वडा अध्यक्ष, | |
| ४. | श्री शितल जि.टि. | २.नं.वडा अध्यक्ष | |
| ५. | श्री प्रकाश सिंह | ३.नं.वडा अध्यक्ष | |
| ६. | श्री अखिलेश्वर कुमार पाण्डे | ४.नं.वडा अध्यक्ष | |
| ७. | श्री मदन प्रसाद पोखरेल | ५.नं.वडा अध्यक्ष | |
| ८. | श्री शिव कुमार धोबी धवल | ६.नं.वडा अध्यक्ष | |
| ९. | श्री गुन्जा कुमारी थारु | कार्यपालिका सदस्य | |
| १०. | श्री मंजेश कुमारी थारु | कार्यपालिका सदस्य | |
| ११. | श्री चन्द्र भावती लोध | कार्यपालिका सदस्य | चन्द्रभावती |
| १२. | श्री सुधा हरिजन | कार्यपालिका सदस्य | सुधा |
| १३. | श्री शेर सिंह थकाली | कार्यपालिका सदस्य | |
| १४ | श्री अनिता हरिजन | कार्यपालिका सदस्य | अनिता |
| १५ | श्री कृष्ण प्रसाद पन्थी | सदस्य सचिव | |

आमन्त्रित:

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कमल प्रसाद शर्मा | बरिष्ठ लेखा अधिकृत | |
| २. | श्री रुपा थापा राउत | प्रसासकीय अधिकृत | |
| ३. | माधव राज पौडेल | व. सि. अ. | |
| | | | |
| | | | |

मिति: २०८३/०१/१५ गते, का. पा. बैठक संख्या-४६

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत

<u>कार्यपालिका वैठकका निर्णयहरु</u>

**प्रस्तावहरु**

**१. भुमि प्रशासन संचालन सम्बन्धमा ।**

**२. विविध ।**

**१.भुमि प्रशासन संचालन सम्बन्धमा ।**

भुमि व्यबस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको प्रकाशित सूचना बमोजिम भुभि प्रशासन संचालनको लागि नेपालको संबैधानिक प्रावधान अनुसार भुमिसुधार मालपोत कार्यालय र नापी कार्यालयहरुबाट प्रवाह हुँदै आएका सेवाहरु ओमसतिया गाउँपालिका कार्यालयले आबश्यक जनशक्ति र भौतिक पूर्वाधारको व्यवस्थापन सहित पालिकाबाटै व्यहोर्ने गरी सेवा प्रवाह गर्ने सर्वसहमतिबाट निर्णय गरियो।

**२. विविध ।**

**क.बिद्यालयलाई अनुमति प्रदान गर्ने सम्बन्धमा ।**

शिक्षा शाखाबाट प्राप्त प्रतिवेदनका आधारमा बिद्यार्थी संख्या कम देखिएता पनि सङघीय शिक्षा ऐन र गाउँपालिकाको शिक्षा ऐन नबाजिने गरी अनुमति माग गरेका तपसिलका बिद्यालयलाई कक्षा थपको लागि अनुमती प्रदान गर्ने निर्णय गरियो ।

**तपसिल**:

| क्र.सं. | बिद्यालय नाम | ठेगाना | हाल संचालित कक्षा | माग गरिएको कक्षा | कैफियत |
|---|---|---|---|---|---|
| १ | ओमसतिया आधारभूत बिद्यालय | ओमसतिया-५ | ८ | ९ | |
| २ | शमशेर आधारभूत बिद्यालय | ओमसतिया-६ | ८ | ९ | |
| ३ | मदरशा जियाउल उलम | ओमसतिया-४ | ५ | ६ | |
| ४ | मदरशा कादरिया अहले सन्नत | ओमसतिया-४ | ९ | १० | |
| ५ | फ्लोरल ईङलिश बोर्डिङ स्कुल | ओमसतिया-४ | ७ | ८ | |
| ६ | कसमस एकेडमी | ओमसतिया-५ | ७ | ८ | |
| ७ | सरस्वती जमुहानी | ओमसतिया-६ | ६ | ७ | |
| ८ | युनिक पव्लिक बोर्डिङ स्कुल | ओमसतिया-४ | ६ | ७ | |
| ९ | मोर्डन चिल्डन ईङलिश स्कुल | ओमसतिया-३ | ५ | ६ | |
| १० | श्री सतिया ईङलिश स्कुल | ओमसतिया-५ | ९ | १० | |

**ख.सार्वजनिक जग्गा तथा सडक पेटि खाली गराउने सम्बन्धमा ।**

सार्वजनिक जग्गा तथा सडक पेटि खाली गराउने सम्बन्धमा गाउँपालिकाले बिभिन्न मितिमा गरेको सार्वजनिक जग्गा खाली गराउने सूचना बमोजिम पुन मिति २०८३/०१/२७ गते भित्र खाली गर्न अनुरोध गर्ने र उक्त मिति सम्म खालि नगराएमा २८ गते देखि गाउँपालिकाले अतिक्रमण हटाउने कार्य बसन्पुर चोकदेखि गाउँपालिका कार्यालय हुदैं ठुटिपिपल जोड्ने सडक बाट सुरु गरी वडा नं १ र २ को सिद्धार्थ राजमार्ग वडा नं ४ को भैरहवा परासी सडक वडा नं ६ को धकधई देखि मझौली शकरपुर चोक जमुहानी बृन्दावन नरेनापुर सडक वडा कार्यालय अगाडीको बाटो अतिक्रमित जग्गा वडाका अन्य स्थानमा भएको सडक तथा सार्वजनिक जग्गाहरु अतिक्रमित क्रमश हटाउने निर्णय गरियो । साथै अन्य स्थानको सार्वजनिक जग्गा समेत खालि गराउनु हुन अनोरोध गर्ने नगरेमा सो जग्गा समेत खालि गर्ने सर्वसहमतबाट निर्णय गरियो ।